# हिजोको अतिक्रमित क्षेत्रः आजको सामुदायिक वन

**लक्ष्मी साउँद**

अधिराज्यभर हत्या, हिंसा र आतङ्क बढिरहेको छ, सुशासनको अभावमा देशका धेरै क्षेत्रहरुले सङ्कट झेलिरहेका छन् तर सामुदायिक वन उपभोक्ता समूहहरू आफ्नै गतिमा उदाहरणीय सफलताका साथ अघि बढिरहेका छन् । सामुदायिक वन नीति ल्याउनु पूर्वको इतिहास कोट्याउने हो भने अतिक्रमणबाट वर्षेनी वन क्षेत्र घटिरहन्थ्यो, डढेलोले वन उजाडिन्थ्यो र अनियन्त्रित चोरी निकासी चौपट्टै हुन्थ्यो । वनमा गाउँका दुई चार जना टाठाबाठाहरूको हाली मुहाली थियो । महिला, दलित र पछाडिपारिएका वर्गले न त कुनै निर्णय प्रक्रियामा नै भाग लिन पाउँथे न त वनबाट प्राप्त हुने फाइदाको वितरणमा नै । समय क्रममा परिवर्तनसँगै सामुदायिक वन नीति लागू भएको छ जुन नीतिले सबै वर्ग, जातजाति तथा महिला र पुरुष दुवै समान रुपमा सहभागी हुने अवस्था सृजना गरेको छ । वन स्रोतमा सबैको पहुँच र नियन्त्रण कायम गर्ने तर्फ अघि बढ्न थालेका छन् वन उपभोक्ता समूहहरू । उता भौतिक वातावरणलाई हेर्दा डढेलो लाग्न छोडेको छ, अनियन्त्रित चोरी निकासी कम हुँदै आएको छ, वन अतिक्रमण घटेको छ, हिजोका ती उजाड डाँडापाखाहरू आज हराभरा भएका छन्, सुकेका मूलहरू फेरी पलाउन थालेका छन् र भागेका चराचुरुङ्गी तथा जीवजन्तुहरु फर्कन थालेका छन् । सबै भन्छन् "यो सबै सामुदायिक वनकै कारण सम्भव भएको हो "।

सन्दर्भ कालिका सामुदायिक वनको हो । कञ्चनपुर जिल्लाको झलारी गा.वि.स. वडा नं. ४ बेल्डाडी, भेरी गोठको करिब १०३ हे. वन क्षेत्र अतिक्रमणको चपेटामा परी सयौं घर छाप्रा समेत बनेका थिए । जिल्ला वन कार्यालय, कञ्चनपुरले अनेक प्रयास गर्दा पनि अतिक्रमण रोकिएन । पछि यहाँका स्थानीय जनताहरूले अतिक्रमणकारीहरूलाई हटाई वनको संरक्षण, सम्बर्द्धन र सदुपयोग गरे जुन आज कालिका सामुदायिक वनले चिनिन्छ । १२० घरधुरी सदस्यहरू रहेको उक्त वनको उपभोक्ता समूहले २०५८/०५९ देखि नै वन संरक्षणको काम सुरु गरे पनि २०६० सालमा समूह दर्ता भई वन हस्तान्तरण भएको थियो । सामाजिक रुपान्तरण गर्ने आफ्नो समूहको मुख्य लक्ष्य हो भन्ने कालिका सामुदायिक वन उपभोक्ता समूहका सचिव हर्क बहादुर ऐर वन अतिक्रमणको प्रतिफल स्वरुप जनतामा अधिकारमूखी अवधारणाको विकास भएको आज यहाँसम्म आउन सकेको बताउनुहुन्छ ।

(लेखक कालिका सामुदायिक वनका उपभोक्ता हुनुहुन्छ ।)